# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

विशेष साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको बैधानिकता** :

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७४/११/२० गते बसेको संचालक समितिको ४५औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री रामेश्वर सापकोटाज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति: २०७४ चैत्र १७ गते शनिवार तदनुसार २०१८ मार्च ३१

समय: दिनको ११ बजे

स्थान: केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

३. **सभाको सूचना** :

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार विशेष साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७४/११/२० गते पत्र पठाउनुका साथै मिति २०७४/११/२२ गतेको आर्थिक अभियान दैनिक र मिति २०७४/११/२३ गतेको समाचारपत्र दैनिकमा सूचना प्रकाशित गरिएको थियो । शेयरधनी महानुभावहरुलाई साधारण सभाको जानकारी एस एम एस मार्फत समेत जानकारी गराइएको थियो ।

४. **छलफलका विषयहरु:**

**क) विशेष प्रस्तावहरु:**

१) संचालक समितिको निर्णयानुसार संस्थाको हाल रहेको अधिकृत पुँजी तथा जारी पुँजी रु. १० करोडलाई वृद्धि गरी रु. २० करोड पुऱ्याउने एवं १:१ बराबर हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु. १४ करोड पुऱ्याउने तथा सो अनुसार प्रवन्धपत्रमा संसोधन गर्ने सम्वन्धमा ।

२) "संस्थाका शेयरधनीहरुले आफ्नो भागको हकप्रद शेयरको शेयर खरीद गर्ने हक अरुलाई बिक्री वा हक हस्तान्तरण गर्नसक्ने छन् ।" भन्ने प्रावधान प्रबन्धपत्र/नियमावलीमा समावेश गर्ने सम्बन्धमा ।

३) वित्तिय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ख) विविध:**

५. **उपस्थिति :**

(१) संचालक समितिका सदस्यहरु जम्मा ४ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १८ जना ।

(३) प्रोक्सी मार्फत उपस्थिति ४ जना गरी जम्मा उपस्थिति संख्या २२ जना ।



आशा

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

२. श्री रामेश्वर सापकोटा - अध्यक्ष
३. श्री निर्गुण प्रसाद भट्टचन - संचालक
४. श्री प्रदीप कुमार खड्का - संचालक
५. श्री हेमन्त पौडेल - संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति** :

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री प्रमोद भट्टराई - प्रमुख, योजना तथा वित्त
३. श्री जीवन खनाल - प्रमुख, मानव संशाधन विकास तथा संचालन विभाग
५. श्री दिपेन्द्र खनाल - प्रमुख, सामान्य सेवा विभाग

**५.३ नियमनकारी निकायबाट भएको उपस्थितिः नभएको**

| **विवरण** | **उपस्थिति** | | **शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत** |
|---|---|---|---|
| शेयरधनीहरु | कुल संख्या : ३९ | १८ जना (४ जना संचालक समेत) स्वयं | |
| | | प्रोक्सी ४ जनाको | |
| | | जम्मा उपस्थिति : ४,८८,५०० कित्ता | ६९.७८ प्रतिशत |
| शेयर संख्या | ७ लाख कित्ता | | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको विशेष साधारण सभामा यस कम्पनीको साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ७ लाख मध्ये ४ लाख ८८ हजार ५ सय कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ३९ जना शेयरधनीहरु मध्ये १८ जना शेयरधनीहरुको स्वयं र ४ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि बैधानिकताको एकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको विशेष साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २२ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ६९.७८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी



आशा

सभालाई गराई सभाका सभापतिको अनुमतिले विशेष साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि विहानको ११:०० बजे अध्यक्ष श्री रामेश्वर सापकोटाज्यूको अध्यक्षतामा वित्तीय संस्थाको विशेष साधारण सभा शुरु भयो ।

७.३ विशेष साधारण सभामा पूर्व अध्यक्ष श्री राम बहादुर पाण्डेलाई प्रमुख अतिथिका रुपमा सम्मान प्रकट गरिएको थियो ।

८. **विशेष साधारण सभाको प्रस्तुति :**

१. सभाका अध्यक्ष तथा प्रमुख अतिथिज्यूबाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्‌घाट्न पश्चात सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले संचालक समितिका तर्फबाट विशेष साधारण सभाको औचित्य सहितको प्रतिवेदन विशेष साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि संस्थाका कम्पनी सचिव श्री बद्री प्रसाद दुलालले विशेष प्रस्तावहरूलाई छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलका लागि आह्वान :**

९.१. विशेष प्रस्तावहरु उपर मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री राम बहादुर पाण्डे

२. श्री रमेश सिंह खड्का

३. श्री विनय ढुंगाना

११. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री राम बहादुर पाण्डे :

लघुवित्त क्षेत्र हाल जटिल देखिँदै गएको छ । बैंकको ब्याजदरमा वृद्धि हुँदै गएकोले संस्थाले मुनाफा आर्जन गर्न नसकेको अवस्था त देखिन्छ नै तर बढ्दै गएको खराब कर्जाको दरले पनि संस्थालाई प्रभाव पारिरहेको पाइएको छ । व्यवस्थापनले खराब कर्जाको यो क्रमलाई न्यूनिकरण गर्दै सुरक्षित लगानी गर्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ । त्यसकारण कर्जा वृद्धि भन्दा पनि गुणस्तरीयतालाई प्राथमिकता दिनु आवश्यक छ । साथै पूँजी परिचालनका लागि बैंक तथा वित्तीय संस्थाहरुको मात्र भर नपरी निक्षेप वृद्धिलाई पनि प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२. श्री रमेश सिंह खड्का :

लघुवित्त क्षेत्रमा हाल देखिएको अवस्थालाई दृष्टिगत गर्दा संस्थाले लगानीमा अक्रामकता नदेखाई जोखिमरहित ढंगबाट गर्नुपर्ने देखिन्छ । यसले गर्दा संस्थाको लगानी सुरक्षित रहने अवस्था आउँछ । साथै यस आर्थिक वर्षमा संस्थालाई मुनाफामा ल्याई लगानीकर्ताहरुलाई पूँजीको प्रतिफल, कर्मचारीहरुलाई

आशा

बोनस तथा सदस्यहरुलाई अझ उत्कृष्ट सेवा दिनसक्ने अवस्था सिर्जना भई संस्थाका मुख्य तीनै पक्षहरु लाभान्वित हुनसक्नेछन् भन्ने विश्वास व्यक्त गर्दछु ।

३. श्री विनय ढुंगाना :

कर्जा प्रवाह गर्दा आउनसक्ने जोखिमलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ । सदस्यहरुले कर्जा तिर्नसक्ने क्षमतालाई विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्न सके गुणात्मकतामा वृद्धि हुनसक्छ । स्थापनाको छोटो समयमा नै संस्थाको वृद्धि दर अत्यन्त राम्रो देखिएको छ । अब यसको व्यवस्थापन तथा गुणस्तरीयतामा ध्यान दिनुपर्ने समय आएको छ ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

बढ्दो खराब कर्जाको दरले संस्थाको मुनाफामा असर पुगेको हुँदा अब गुणस्तरीयतामा ध्यान दिइनेछ । यहाँहरुबाट प्राप्त अमुल्य सल्लाह तथा सुझावहरुलाई समय सापेक्ष उपयोगी तथा सान्दर्भिक रहेको छ । साथै यस आर्थिक वर्ष २०७४/७५ को अन्त्य सम्ममा संस्थालाई खुद मुनाफाको अवस्थामा ल्याउन हामी पुनः प्रतिबद्धता व्यक्त गर्दछौं ।

१३. **विशेष साधारण सभाको निर्णय :**

(क) **विशेष प्रस्तावहरु :**

१. **संचालक समितिको निर्णयानुसार संस्थाको हाल रहेको अधिकृत पुँजी तथा जारी पुँजी रु. १० करोडलाई वृद्धि गरी रु. २० करोड पुऱ्याउने एवं १:१ बराबर हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु. १४ करोड पुऱ्याउने तथा सो अनुसार प्रवन्धपत्रमा संसोधन गर्ने सम्बन्धमा ।**

संस्थाको हाल रहेको अधिकृत पुँजी तथा जारी पुँजी रु. १० करोडलाई वृद्धि गरी रु. २० करोड पुऱ्याउने एवं १:१ बराबर हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु. १४ करोड पुऱ्याउने तथा सो अनुसार प्रवन्धपत्रमा संसोधन गर्ने प्रस्ताव उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

२. **"संस्थाका शेयरधनीहरुले आफ्नो भागको हकप्रद शेयरको शेयर खरीद गर्ने हक अरुलाई बिक्री वा हक हस्तान्तरण गर्नसक्ने छन् ।" भन्ने प्रावधान प्रबन्धपत्र/नियमावलीमा समावेश गर्ने सम्बन्धमा ।**

"संस्थाका शेयरधनीहरुले आफ्नो भागको हकप्रद शेयरको शेयर खरीद गर्ने हक अरुलाई बिक्री वा हक हस्तान्तरण गर्नसक्ने छन् ।" भन्ने प्रावधान प्रबन्धपत्र/नियमावलीमा समावेश गर्ने प्रस्ताव पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

३. **वित्तीय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ख) **विविधः**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गरिरहनु पर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको निर्णय गरियो ।



आशा

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस विशेष साधारण सभामा सूचनामा तोकिए बमोजिमका विशेष प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गरी सभा विसर्जन गर्नुभयो ।

............

बद्री प्रसाद दुलाल
कम्पनी सचिव

............

रामेश्वर सापकोटा
अध्यक्ष

संस्थाको छाप : आशा

मिति : २०७४ चैत्र १७ गते शनिवार